राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असोज २ गते

## तेश्रो चरणको स्थानीय तहको निर्वाचन प्रक्रियाको अनुगमन सम्पन्न
## मतदाताहरूको उत्साहपूर्ण सहभागिता

आजै सम्पन्न तेश्रो चरणको स्थानीय तह निर्वाचनको दिन राष्ट्रिय मानव अधिकार आयोगले सम्पुर्ण मतदान प्रक्रियाको अनुगमन गरेको छ । निर्वाचनको क्रममा स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणको सुनिश्चितताका लागि आयोगले प्रदेश नं. २ का आठ वटै जिल्लाहरूमा आयोगका माननीय सदस्य र सचिव सम्मिलित २ वटा उच्चस्तरीय टोली एवं अधिकृतहरु सम्मिलित ८ वटा टोली सहित १० वटा टोली खटाएको थियो ।

अनुगमनको क्रममा प्राप्त जानकारी अनुसार सप्तरी र रौतहट जिल्लामा सामान्य झडप भएपनि मतदान भने सुचारू रहेको पाइएको छ । प्रदेश नं २ अन्तर्गतका जिल्लाका अधिकांश मतदान स्थलहरुलाई निर्वाचन सुरक्षा चुनौतिका दृष्टिले अति संवेदनशील मानिए पनि समग्र मतदान प्रक्रिया अत्यन्त उत्साहपूर्ण एवं शान्तिपूर्ण रुपमा सम्पन्न भएको पाइएको छ । मतदानमा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू लगायतको उल्लेख्य सहभागिता रहनुका साथै विहान सबेरै देखि लाइनमा बसेका मतदाताहरु मतदानका लागि उत्साहित देखिएका थिए ।

जिल्ला अस्पताल तथा स्वास्थ्य केन्द्रहरुका सबैजसो स्वास्थ्यकर्मीहरुलाई निर्वाचनमा खटाउँदा स्वास्थ्य सेवा प्रवाहमा प्रतिकूल असर परेको, केही स्थानमा रहेका मतदान कक्षको आडैमा सुरक्षाकर्मीको उपस्थितिले मतदाताको गोप्य मतदानको अधिकारमा असर परेको, अघिल्ला दुई चरणका निर्वाचनका क्रममा मतदाता शिक्षा, मतदाता परिचय पत्र, राजनीतिक दलका प्रतिधिहरूलाई वितरण गरिएका परिचय पत्र तथा मतदान स्थलहरुको व्यस्थापनमा देखिएका कमजोरीहरु यस पटक पनि दोहोरिएका तथ्यहरु आयोगको अनुगमनको क्रममा प्राप्त भएका छन् ।

अत: आगामि निर्वाचनमा मतदाता शिक्षा, मतदाता परिचय पत्र, दलका प्रतिनिधिलाई वितरण गरिने परिचय पत्र रं मतदान केन्द्रको सुव्यवस्था जस्ता विषयहरूमा उल्लेख्य सुधार गर्न तथा स्वास्थ्य जस्तो अत्यावश्यकीय सेवा नै ठप्प हुनेगरी स्वास्थ्यकर्मीहरूलाई निर्वाचनमा नखटाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

..................

मोहनाअन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhnqgnhffinepal.org. Website: www.nhrcnepal.org